स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर

बागमती प्रदेश, नेपाल

प.सं. प्रशासन/०८३/०८४

च.नं.

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/१०)

यस सूर्यविनायक नगरपालिका र अन्तर्गतको सूर्यविनायक नगर अस्पताल, जगातीको लागि आवश्यक देहाय बमोजिमका पदहरुमा कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नगरपालिका तर्फ

| विज्ञापन नं. | पद | तह/ सेवा/समुह | माग संख्या | न्युनतम शैक्षिक योग्यता तथा अनुभब | दरखास्त दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १/०८३ /०८४ | आर्किटेक्चर इन्जिनियर | सातौं, इन्जियरिङ्ग, आर्किटेक्ट | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त गरेको । | १०००।- |
| २/०८३ /०८४ | सहायक कम्प्यूटर अपरेटर | चौथो, विविध | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण गरी कम्तीमा ६ महिनाको कम्प्यूटर सम्बन्धी तालीम प्राप्त गरेको । | ५००।- |
| ३/०८३ /०८४ | अमिन | चौथो, इन्जिनियरिङ्ग सर्भे | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण गरी अमिन/सर्भे सम्बन्धी तालीम प्राप्त गरेको । | ५००।- |
| ४/०८३ /०८४ | राजस्व सहजकर्ता | चौथो, विविध | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा व्यवस्थापन वा अर्थशास्त्र विषय लिई प्रविणता प्रमाणपत्र/१२ कक्षा उत्तीर्ण वा सो सरह । | ५००।- |
| ५/०८३ /०८४ | फिल्ड सहायक | चौथो, विविध | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी तालीम प्राप्त गरेको । | ५००।- |
| ६/०८३ /०८४ | ना.प्रा.स (भेटेरिनरी) | चौथो, कृषि, भेटेरिनरी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (भेटेरिनरी) विषय लिई टि. एस.एल.सी./एस.इ.इ. उत्तीर्ण | ५००।- |

### नगर अस्पताल तर्फ

| विज्ञापन नं. | पदको नाम | तह | माग संखया | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव | दरखास्त दस्तुर (रु) |
|---|---|---|---|---|---|
| ७/०८३ /०८४ | अप्थाल्मोलोजिष्ट | नवौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Ophthalmology विषयमा स्नातकोत्तर उपाधि उत्तीर्ण | १,५००/- |
| ८/०८३ /०८४ | रेडियोलोजिष्ट | नवौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Radiology/Radiodiagnosis विषयमा स्नातकोत्तर उपाधि वा सो सरह उत्तीर्ण | १,५००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ९/०८३/०८४ | मेडिकल अधिकृत | आठौं | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तीर्ण | १,२००/- |
| १०/०८३/०८४ | डेण्टल सर्जन | आठौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट BDS वा सो सरह उत्तीर्ण | १,२००/- |
| ११/०८३/०८४ | फिजियोथेरापिष्ट | सातौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा Bachelor Degree in Physiotherapy/BPT वा सो सरह उत्तीर्ण | १,०००/- |
| १२/०८३/०८४ | अप्थाल्मिक सहायक | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Ophthalmic Assistant सम्बन्धी प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | ७००/- |
| १३/०८३/०८४ | डेण्टल हाइजिनिष्ट | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Dental Hygiene सम्बन्धी प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | ७००/- |
| १४/०८३/०८४ | स्टाफ नर्स | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Proficiency Certificate Level in Nursing वा सो सरह उत्तीर्ण | ७००/- |
| १५/०८३/०८४ | ल्याब टेक्निसियन | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Medical Laboratory Technology सम्बन्धी प्रमाणपत्र/डिप्लोमा तह वा सो सरह उत्तीर्ण | ७००/- |
| १६/०८३/०८४ | फिजियोथेरापी सहायक | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Physiotherapy सम्बन्धी प्रमाणपत्र/डिप्लोमा तह वा सो सरह उत्तीर्ण | ७००/- |

**नोटः** माथि उल्लिखित पदहरूको शैक्षिक योग्यता सम्बन्धित पदका लागि प्रचलित कानून, नियमावली तथा सम्बन्धित व्यावसायिक परिषद्ले तोकेको न्यूनतम योग्यताअनुसार हुनेछ। सम्बन्धित पदमा परिषद् दर्ता अनिवार्य हुने पदका उम्मेदवारले आवेदन दिने अन्तिम मिति सम्मको वैध दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

**१. सेवा अवधि**

करार सेवा अवधि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। कार्यालयको आवश्यकता, कार्यसम्पादन तथा प्रचलित कानूनबमोजिम करार अवधि थप गर्न सकिनेछ।

**२. पारिश्रमिक तथा सुविधा**

सम्बन्धित पद/तहका लागि सूर्यविनायक नगरपालिकाले स्वीकृत गरेको दररेट तथा प्रचलित कानून बमोजिमको मासिक पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराइनेछ। करार सेवामा नियुक्त कर्मचारीलाई करार सम्झौतामा उल्लेख भए बमोजिम मात्र अन्य सुविधा उपलब्ध हुनेछ।

**३. उमेरको हद**

दरखास्त दिने अन्तिम मितिसम्ममाः

- सूर्यविनायक नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन सम्बन्धी ऐन,२०७९ प्रथम संशोधन २०८३ बमोजिम हुनुपर्नेछ ।

- विशेषज्ञ चिकित्सकको हकमा प्रचलित कानून बमोजिमको उमेर सम्बन्धी व्यवस्था लागू हुनेछ।

**४. आवश्यक न्यूनतम योग्यता**

उम्मेदवारले सम्बन्धित पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ। विदेशी शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

चिकित्सक पदका लागि नेपाल मेडिकल काउन्सिल (NMC) मा दर्ता भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ। अन्य स्वास्थ्यकर्मीको हकमा सम्बन्धित पेशागत परिषद्/निकायमा दर्ता आवश्यक पर्ने भए सोको वैध प्रमाणपत्र पेश गर्नुपर्नेछ।

**५. दरखास्त दिने स्थान**

दरखास्त फाराम सूर्यविनायक नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा, कटुञ्जे, भक्तपुर मा बुझाउनु पर्नेछ।

**६. दरखास्त दिने अन्तिम मिति**

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८३/०५/२४ गते) कार्यालय समयभित्र आवेदन पेश गर्नुपर्नेछ।

उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम मिति मानिनेछ।

**७. आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरू**

उम्मेदवारले देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछः

१. नेपाली नागरिकताको प्रमाणपत्र।
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र तथा ट्रान्सक्रिप्ट।
४. सम्बन्धित परिषद्/व्यावसायिक निकायको दर्ता प्रमाणपत्र।
५. विदेशी शैक्षिक योग्यता भए समकक्षता प्रमाणपत्र।
६. अनुभवको प्रमाणपत्र, माग गरिएको भएमा।
७. सम्बन्धित पदका लागि आवश्यक अन्य प्रमाणपत्र।
८. आवेदन दस्तुर बुझाएको रसिद/भौचर।
९. उम्मेदवारले पेश गरेका कागजातहरूमा नाम, थर वा विवरण फरक भएमा सो सम्बन्धमा पुष्टि हुने प्रमाण।

**८. छनौटको विधि : लिखित र अन्तर्वार्ता**

कार्यालयको आवश्यकता र पदको प्रकृति अनुसार अन्तर्वार्ता मात्र वा लिखित तथा अन्तर्वार्ता लगायत आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा मध्ये उपयुक्त छनौट विधि अपनाउन सकिनेछ।

**९. परीक्षाको सम्भावित मिति**

छनौट परीक्षाको मिति, समय र स्थान सम्बन्धी सूचना सूर्यविनायक नगरकार्यपालिकाको वेभसाइट मार्फत पछि प्रकाशित गरिनेछ।

**पदपूर्ति समितिको निर्णयअनुसार विज्ञापनमा आवश्यक संशोधन वा थपघट गर्न सकिनेछ।**

**पदपूर्ति समिति**

**सूर्यविनायक नगरपालिका**